Ref.

**गैरआवासीय नेपाली संघ**

**दोश्रो मासिक प्रतिवेदन नोभेम्बर २०२२**

गैरआवासीय नेपाली संघको अभियानलाई थप बलियो बनाएर 'समृद्ध नेपालको लागि नेपालीका लागि नेपाली' भन्ने मुलमन्त्र प्रभावकारी बनाउने अभियान जारी रहेको छ । गैरआवासीय नेपाली संघले यसअघि प्रमुख रुपमा उठाएका मुख्य मागहरु पुरा हुने अवस्थामा रहेका छन् । मध्यपूर्वका श्रमिकहरुलाई सामाजिक सुरक्षाकोषमा जोड्को लागि गैरआवासीय नेपाली संघले गर्दै आएको माग पुरा भएको छ । मासिक रुपमा ६ हजार भन्दा बढी श्रमिहरु सुरक्षाकोषमा जोडिन थालेका छन् । विश्वश्रम बजारमा नेपालीहरुले बनाएको पसिनाको केही अंश सामाजिक सुरक्षा कोष मार्फत वचत हुने बाटो खुलेको छ । यो मागलाई स्थापित गर्नको लागि यसअघि देखिनै सकृय रुपमा लाग्नु भएका पूर्वअध्यक्षहरु, वर्तमान कार्यसमितिका पदाधिकारीहरु लगायत मुख्य रुपमा मध्यपूर्वको महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सबै संघका पदाधिकारी प्रति आभार व्यक्त गर्दछु । यसै सन्दर्भमा गैरआवासीय नेपाली संघको कार्यकारी अध्यक्षको रुपमा नोभेम्बर महिनामा गरेका गतिविधिहरु र उपलब्धिहरु यहाँहरु समक्ष प्रस्तुत गर्दछु ।

१) वैदेशिक रोजगारमा रहेका नेपाली कामदारहरुलाई सामाजिक सुरक्षाकोषमा आबद्ध गराउनको लागि सामाजिक सुरक्षाकोषसँग सहमतिपत्रमा हस्ताक्षर भए बमोजिम मंसिर ११ गते देखि श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराउन औपचारिक रुपमा काम अघि बढाइएको छ ।

२) नेपालमा गत साता सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा गैरआवासीय नेपाली संघले पहिलो पटक पर्यबेक्षकको रुपमा सहभागीता जनाएको छ । एक निर्वाचन पर्यबेक्षण प्रतिवेदन निर्वाचन आयोग समक्ष पेश गर्ने तयारी गरिएको छ ।

३) सरकारले प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) को न्यूनतम सीमा दुई करोड रुपैयाँ तोकेको छ । एनआरएनएको माग अनुरुप विदेशी लगानी आकर्षित गर्न भन्दै सरकारले यसअघिको पाँच करोडको सीमालाई घटाएर नयाँ सीमा तोकेको हो । चालू आर्थिक वर्षको बजेटको व्यवस्थाअनुसार सरकारले राजपत्रमा सूचना प्रकाशन गर्दै विदेशी लगानीका लागि नयाँ न्यूनतम सीमा २ करोड तोकेको जानकारी राजपत्रमा प्रकाशित भएको छ ।

४) डोटीमा हालै भएको भुकम्पमा परेर ज्यान गुमाउनेहरुको सहयोगार्थ ५ लाख रुपैयां सहयोग प्रदान गरिएको छ ।

५) गैरआवासीय नेपाली संघको स्वास्थ्य समितिको सहकार्यमा झापा, सुनसरी, मोरङ र घाईघाटमा निःशुल्क स्वास्थ्य शिविर संचालन गर्ने तयारी भएको छ ।

६) कैलाली उद्योग वाणिज्य संघ, रेडक्रस सोसाइटी कैलाली लगायतसंग सहकार्यका लागि छलफल भएको थियो ।

७) गैरआवासीय नेपाली संघको केन्द्रीय कार्यालयको लागि यसअघि नियुक्त प्रमुख कार्यकारी अधिकृतलाइ संघको विधिविधान र नियमभित्र रहेर संस्थाप्रति उत्तरदायी हुनको लागि लिखित रुपमा सचेत गराइएको छ ।

८) संघको आयोजनामा नेपाली परम्परा अनुसारका सम्पुर्ण चाडवाडको अवसरमा हाल काठमाडौंमा रहनु भएका गैरआवासीय नेपालीहरुसंग भेटघाटको उद्देश्यले चियापान तथा स्वागत कार्यक्रममा सहभागीता । यस अवसरमा संघको सचिवालयको हलमा आयोजित कार्यक्रममा नवनिर्वाचित प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटिको कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई स्वागत गरिएको थियो ।

९) एनआरएनए पर्यटन प्रबद्र्धन समितिको आयोजनामा नेपालको पर्यटन प्रबद्र्धनमा गैरआवासीय नेपाली संघको भूमिका विषयक एक कार्यशालामा सहभागीता भै पर्यटन प्रबद्र्धन, नेपाल सरकारले प्रस्ताव गरेको भ्रमण वर्ष २०२३ लगायतका विषयमा सरोकारवालाहरुसंग छलफल सम्पन्न भएको थियो ।

१०) गैरआवासीय नेपाली संघले प्रदेश सरकारसंग यसअघि गर्दै आएको सहकार्यको निरन्तरता स्वरुप सुदुर पश्चिम अन्तर्गतको भ्रमणताका प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्ट र प्रदेश प्रमुख देवराज जोशीसंग भेटघाट र छलफल सम्पन्न ।

११) कंचनपुरस्थित जनभावना आधारभूतका शिक्षकहरु र विद्यार्थीहरुसंग एनआरएनएले शिक्षा क्षेत्रमा गरेका कामहरु र त्यहाँका विद्यार्थीहरुको समस्याका बारे छलफल भएको थियो ।

१२) गण्डकी प्रदेशको काश्की जिल्लाको नेपाल रेडक्रस सोसाईटीको निमार्णधिन ब्लड बैंकको लागि एनआरएनए जापान र कास्की समाज जापानको सहयोगमा २० लाखको लागतको निमार्ण हुने ब्लड कोल्ड रुमको स्थापना गर्ने सम्झौता पत्र हस्ताक्षर समारोहमा सहभागी ।

१३) गैरआवासीय नेपाली संघको केन्द्रीय कार्यालयमा चौवीसै घण्टा टेलिफोन हट लाइनको शुरुवात गरिएको छ । सचिवालयको टेलिफोन नम्बर ००९७७ ०१४४११५३० मा चौविसै घण्टा सम्पर्क गर्न सकिने छ ।

१४) एनएनएसएम र आइएलओको सहयोगमा संचालित परियोजना तथा बिभिन्न बैठकमा सहभागी ।

१५) गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठक ४ डिसेम्बरको लागि तय गरिएको छ ।

रविना थापा,
कार्यकारी अध्यक्ष

डा बद्री केसी
अध्यक्ष

कुल आचार्य
अध्यक्ष

२५ डिसेम्बर २०२२